# छिन्नमस्ता गाउँपालिका
# Chhinnamasta Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office Of The Rural Municipal Executive

छिन्नमस्ता, सप्तरी
Chhinnamasta, Saptari
प्रदेश नं.२,नेपाल
Province no.2, Nepal

प.स.(Letter No):२०७८/०७९ Website:www.chhinnamastamun.gov.np

चलानी नं.(Ref No.): ३२५ मिति(Date):२०७८/०८/१६

**बिषय :बिद्यालय समय भित्र अनिवार्य उपस्थित भई कामकाज गर्ने सम्बन्धमा।**

श्री सामुदायिक बिद्यालयहरु सबै,
छिन्नमस्ता गाउँपालिकाको कार्यालय, छिन्नमस्ता सप्तरी ।

प्रस्तुत बिषयमा यस गाउँपालिका अन्तर्गत रहेका सामुदायिक बिद्यालयहरुको केही शिक्षकहरु बिद्यालय समय भित्र नआउने गरेको,विदा स्वीकृती नगराई तथा बिद्यालय प्र.अ लाई समेत कुनै किसिमको जानकारी नदिई बिद्यालय छोडेर अन्यत्र जाने गरेकोमा बिद्यालयका बिद्यार्थीहरुको पठनपाठन प्रभावित हुन गएको र अनुगमन गर्ने निकाय को फितलोपनाको कारणले यस्ता समस्याहरु सृजित भएकोले व्यापक जनगुनासो आईरहेको अवस्थामा यस कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ र यस्ता सृजित समस्याहरु समाधान गर्न यस कार्यालयबाट बारम्बार सचेत गराउँदा समेत केही शिक्षकहरु अटेर गरिरहेको कारणले बाध्य भएर पत्र लेख्ने कार्य भएको हो ।

तसर्थ यस गाउँपालिका अन्तर्गतका सबै सामुदायिक बिद्यालयहरुमा कार्यरत रहेका शिक्षक/कर्मचारीहरु प्रचलित ऐन,कानुन नियम अनुसार बिद्यालय समय भित्र अनिवार्य उपस्थित भई बिद्यालय समयावधि सम्म आ-आफ्नो क्षेत्राधिकार भित्रको कामकाज गर्न गराउन र अत्यावश्यक परेको अवस्थामा अनिवार्य रुपमा बिदा स्वीकृत गराई मात्र बिद्यालयमा अनुपस्थित हुन जानकारी गराउनुका साथै अब उप्रान्त निरन्तर रुपमा सबै बिद्यालयहरु मा अनुगमन ,मूल्यांकन तथा सुपरिवेक्षण गर्ने र अटेर गर्ने शिक्षक लाई कानुन वमोजिम भई जाने व्यहोरा जानकारी गराईन्छ ।

बोधार्थ :

१ ) श्री अध्यक्षज्यू,छिन्नमस्ता गा.पा सप्तरी ।(जानकारीको निमित्त)
२ ) श्री उपाध्यक्षज्यू, छिन्नमस्ता गा.पा सप्तरी ।(जानकारीको निमित्त)
३ ) श्री प्रशासन शाखा । ( आबश्यक सहयोगको निमित )
४ ) श्री बिद्यालय प्रशासन शाखा, छिन्नमस्ता गा.पा सप्तरी ।(अनुपस्थित रहेका शिक्षकहरुको गयलकट्टी गर्नु हुन )
५ ) श्री आर्थिक प्रशासन शाखा, छिन्नमस्ता गा.पा सप्तरी ।( प्रशासन शाखाबाट रुजु हाजिर प्रमाणितको आधारमा मात्र तलब भत्ता उपलब्ध गाराउनु हुन )
६ ) श्री वडाअध्यक्षज्यूहरु सबै, छिन्नमस्ता गा.पा सप्तरी ।(जानकारीको निमित्त)
७ ) श्री सूचना प्रविधि शाखा, छिन्नमस्ता गा.पा सप्तरी । (वेबसाइटमा अपलोड गरिदिनु हुन)

पुनश्च : बिदा स्वीकृत नगराई अनुपस्थित हुने शिक्षकको हाजिरीलाई गयल कट्टी गरि उक्त दिनको तलब कटौती गरि मात्र भुक्तानी दिईने छ ।

..................
महेश कुमार शर्मा
नि.प्रमुख प्रशासकीय अधिकृत

Email Id :- chhinnamasta.rmo.saptari@gmail.com, सम्पर्क नं(Contact No.) :-९८५२८२१५६७(9852821567)